# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - ९

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ २४ गते शुक्रबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री मिनबहादुर विश्वकर्मलाई समय दिनुहुँदा उहाँले कसैबाट अख्तियारको दुरुपयोग भएको छ कि छैन भनेर जाँच्ने अख्तियार दुरुपयोग अनुसन्धान अयोगबाटै अख्तियारको दुरुपयोग भएको, ललिता निवास जग्गा प्रकरणमा आयोगले गुरुयोजना अनुसार प्रस्ताव लाने व्यक्तिलाई कसुरदार ठहर गरेको तर योजना पेश गर्ने, निर्णय गर्ने, लालपुर्जा बोक्ने र लाभ प्राप्त गर्ने व्यक्तिहरुलाई छुट दिएको, आयोगले सरकारको कामकारवाहीको निगरानी भन्दा पनि सरकारकै मातहतको अंगको रुपमा प्रत्यक्ष निर्देशनमा काम गरेको, विवादित जग्गाका जग्गाधनीले सरकारलाई जग्गा फिर्ता गरेर कसुरबाट उम्कन नसक्ने लगायतका विषयहरु उठाउँदै प्रमुख प्रतिपक्षले आजको सदनको काम कारवाहीमा सहयोग गर्न सक्दैन भन्नुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषय सदनलाई जानकारी भैसकेको र उक्त विषय सदनको कार्यक्षेत्र भन्दा बाहिर रहेकोतर्फ पुनः मा० सदस्यहरुको ध्यानाकर्षण गराउँछु भन्नुभयो । सदनबाट महत्वपूर्ण विधेयकहरु पारित हुनुपर्ने, वृहंगम छलफलबाट नै जनप्रतिनिधिमूलक संस्थालाई जिवन्त बनाई प्रभावकारी बनाउन सकिने भएकोले आ-आफ्नो आशन ग्रहण गरी सदनको कारवाही अगाडि बढाउन सहयोग गर्न बारम्बार आग्रह गर्नुहुँदा पनि उहाँहरु उभिइरहनु भएपछि सम्माननीय सभामुखले बैठक आधा घण्टाको लागि स्थगित गर्नुभयो ।

तदनन्तर अर्को बैठक आजै आधा घण्टापछि बस्नेगरी दिनको १:४० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै आधा घण्टापछि बस्नेगरी स्थगित भएको बैठक विशेष कारणवश बस्न नसक्ने भएकोले सूचनापत्र-४ प्रकाशित गरी २०७६ साल माघ २६ गते आइतबार दिनको १:०० बस्नेगरी स्थगित भयो ।

गोपालनाथ योगी
संघीय संसदको निमित्त महासचिव